# शिक्षणमा शिक्षक तालिमको प्रयोग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विषय अन्तगर्त स्नातकोत्तर तह (एम.एड)
दोस्रो वर्ष आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको

## शोधपत्र

**शोधकर्ता**
विनोद कुमार यादव
क्याम्पस क्रमाङ्क : ४६
परीक्षा क्रमाङ्क : १३००९५/०६९
त्रि.वि.दर्ता नं.:९-२-१३-०३३१-२००४

**श्री सूर्य नारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा**
२०७२

## कृतज्ञताज्ञापन

शिक्षणमा शिक्षक तालिमको प्रयोग शीर्षकको प्रस्तुत शोधपत्रको शीर्षक चयन,प्रस्ताव लेखन तथा अन्तिम प्रारुप तयारीको कार्यसम्म कुशल निर्देशन तथा मार्गदर्शनका लागि समय प्रदान गरी अमूल्य सहयोग, सल्लाह, सुझावका साथै हौसला एवम् प्रेरणा प्रदान गर्नुहुने विभागीय प्रमुख डा. अशोक कुमार झा ज्यू  तथा शोधनिर्देशक श्री सुरेन्द्र कुमार यादव ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी समय समयमा सल्लाह, सुझाव, दिनुहुने श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस प्रमुख श्री रामहित यादव ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यो शोधकार्यलाई सम्पन्न गर्ने क्रममा नमूना छनौटमा परी आवश्यक सूचना तथा तथ्याङ्क एवम् जानकारी उपलब्ध गराउनुहुने शिक्षकहरु, विद्यार्थीहरु तथा प्रधानाध्यापकहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसकार्यमा मलाई सहयोग पुऱ्याउनुहुने मेरा सहपाठी साथीहरु पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यो शोधपत्रको टङ्कनकार्य तथा सेटिङमा आवश्यक सहयोग पुऱ्याउनुहुने अनुपमा बुक्स एण्ड स्टेशनरी सप्लायर्सका भाए आजय यादव प्रति आभार व्यक्त गर्दछु ।

**विनोद कुमार यादव**

# शोधसार

*"शिक्षणमा शिक्षक तालिमको प्रयोग" शीर्षकमा गरिएको यस अध्ययनको मुख्य उद्देश्य शिक्षणमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा गर्नु रहेको छ ।*

*यस अध्ययनलाई सम्पन्न गर्ने क्रममा आवश्यक पर्ने जनसंख्या छनौट गर्दा सम्भाव्य नमूना छनौट विधिको प्रयोग गरिएको छ भने अध्ययनलाई निष्कर्षमा पुऱ्याउन गुणात्मक एवम् परिमाणात्मक ढाँचामा आधारित रहेर अनुसन्धानलाई सञ्चालन गरिएको छ । अध्ययनका लागि सिरहा जिल्ला अन्तरगत श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्रभित्रका सामुदायिक विद्यालयहरु, उक्त विद्यालयहरुमा अध्यापनरत शिक्षकहरु तथा अध्ययनरत विद्यार्थीहरुलाई जनसंख्याको रुपमा लिइएको छ भने सिरहा जिल्ला स्थित अगुवा श्रोतकेन्द्र श्री च.उ.मा.वि सिरहा स्रोतकेन्द्रभित्रका ८ वटा सामुदायिक प्राथमिक विद्यालयहरु तथा ती विद्यालयहरुमा अध्यापनरत १६ जना शिक्षकहरु साथै उक्त विद्यालयहरुको कक्षा ५ मा अध्ययनरत ५/५ जना विद्यार्थीहरुलाई नमूना जनसंख्याको रुपमा छनौट गरिएको छ । शिक्षकहरुका लागि प्रश्नावली, कक्षा अवलोकन फाराम, कक्षा अवलोकन रुजुसूची र लक्षित समूह निर्देशिकालाई आवश्यक तथ्याङ्क तथा सूचना संकलनको साधनको रुपमा प्रयोग गरिएको छ ।*

*अध्ययनको क्रममाा कक्षा व्यवस्थापन सम्बन्धी सीपको प्रयोगको अवस्था कमजोर रहेको पाइयो । शिक्षकको विषयवस्तुको प्रस्तुती र विद्यार्थी मूल्याङ्कन सम्बन्धी सीपको प्रयोगको अवस्था सन्तोषजनक रहेको पाइयो । शिक्षण विधिको प्रयोग, सारांश र निष्कर्ष सीपको प्रयोग ७५% शिक्षकहरुबाट भएको पाइयो भने शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग सम्बन्धी सीपमको प्रयोग सन्तोषजनक अवस्थामा भएको र शिक्षण क्रियाकलाप सीपमको प्रयोग राम्रो रहेको पाइयो । शिक्षकले तालिममा प्राप्त गरेका सबै सीपहरुलाई शिक्षणमा प्रयोग नगर्नुमा अनुपयुक्त कक्षाकोठा, सामग्रीको अभाव, कमजोर भौतिक तथा आर्थिक अवस्था, तालिम अनुगमनको अभाव तथा शिक्षकहरुमा जिम्मेवारी बोधको अभाव, सेवाकालिन तथा अल्पकालिन तालिमको अभाव समस्याको रुपमा रहेको पाइयो ।*

*शिक्षणमा शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरु समाधानका लागि विद्यालय व्यवस्थापन समितिले स्रोतहरुको पहिचान गरी विद्यालयको आर्थिक तथा भौतिक अवस्थामा सुधार गर्नुपर्ने, शिक्षकहरुलाई शिक्षणका लागि आवश्यक पर्ने सामग्रीहरु प्रधानाध्यापकले उपलब्ध गराउनुपर्ने, शैक्षिक जनशक्ति विकाश केन्द्र र यस अन्तरगतका निकायहरुबाट तालिम अप्राप्त शिक्षकहरुका लागि सेवाकालिन तालिम तथा तालिम प्राप्त शिक्षकहरुका लागि अल्पकालिन तथा पुनर्ताजगी तालिम सञ्चालन गरी समय समयमा तालिम अनुगमन गरी अनुगमनका आधारमा शिक्षकहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने, शिक्षक तालिमको महत्व प्रष्ट पार्नका लागि वि.व्य.स., शि.अ.संघ, विद्यार्थी तथा अभिभावकहरुका लागि शैक्षिक जनशक्ति विकाश केन्द्र, तालिम केन्द्र, जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्रवाट तालिम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको पाइयो ।*

# विषयसूची

## परिच्छेद एक

## परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन १०

१.३ अध्ययनको औचित्य ११

१.४ अध्ययनको उद्देश्य १२

१.५ अनुसन्धाना प्रश्नहरु १३

१.६ अध्ययनको परिसीमा १४

## परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १५

२.२ अध्ययनको सैद्धान्तिक खाका २१

२.३ पुनरावलोकनको उपादेयता २३

## परिच्छेद तीन

## अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा २६

३.२ अध्ययनको नजसंख्या तथा नमुना छनौट २७

३.३ नमूना छनौट विधि र नमूनाको आकार २७

३.४ अनुसन्धानका साधनहरू २७

३.५ साधनहरुको वैद्यता २८

३.६ तथ्याङ्कको स्रोत २८

३.७ तथ्याङ्क संकलन प्रक्रिया २९

३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया २९

## परिच्छेद चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण


४.१ तालिममा सिकेका ज्ञान र सीपहरुको कक्षाकोठाको व्यवस्थापनमा प्रयोग ३०

४.१.१ शिक्षक तालिमको अवस्था ३१

४.१.२ तालिम प्राप्त शिक्षकले प्राप्त गरेको तालिमको किसिम ३१

४.२ शिक्षणमा तालिमबाट सिकेका सीपहरूको प्रयोग ३२

४.२.१ कक्षा व्यवस्थापन ३३

४.२.२ शिक्षकको तयारी ३४

४.२.३ विषयवस्तुको प्रस्तुती ३५

४.२.४ शिक्षण विधिको प्रयोग ३७

४.२.५ शैक्षणिक सामग्रीको छनौट तथा प्रयोग ३८

४.२.६ शिक्षण क्रियाकलाप ४०

४.२.७ विद्यार्थी मूल्याङ्कन ४२

४.२.८ सारांश र निष्कर्ष ४३

४.३ तालिमको प्रयोगमा देखिएका समस्याहरु ४४

४.३.१ अनुगमन तथा सुपरिवेक्षण ४५

४.३.२ शैक्षिक वातावरण ४५

४.३.३ भौतिक वातावरण ४६

४.३.४ तालिमको प्रभावकारिता ४६

४.४ शिक्षक तालिमलाई प्रभावकारी बनाउने उपायहरु ४७

४.४.१ आवश्यकताको पहिचान ४७

४.४.२ शिक्षकहरुमा प्रतिवद्धता ४८

४.४.३ विद्यालयको व्यवस्थापकीय पक्ष ४८

४.४.४ नीतिगत व्यवस्था ४८

## परिच्छेद पाँच

## निष्कर्ष र सुझावहरू


५.१ प्राप्ती ४९

५.२ सुझावहरु ५०

**सन्दर्भसूची**

**अनुसूचीहरु**